# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, मंसीर ४ गते २०४८ साल (अतिरिक्ताङ्क ५१

## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४८ सालको ऐन नं. ३१

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ऊँरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६
लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं बर्षमा संसदले यो ऐन बनाएकोछ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) (पहिलो संशोधन) ऐन, २०४८" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा ४ मा संशोधनः चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ (यसपछि "मूल ऐन" भनिएको) को दफा ४ को ठाउँ ठाउँमा प्रयोग भएका "चलचित्र घर निर्माण गरी चलाउन" भन्ने शब्दहरुको सट्टा "चलचित्र घर निर्माण गर्ने" भन्ने शब्दहरू राखिएकाछन्।

३. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएकोछः-

"५. चलचित्र घर निर्माण गर्नु पर्नेः (१) यस ऐन बमोजिम चलचित्र घर निर्माण गर्न इजाजतपत्र पाउने व्यक्तिले इजाजतपत्र प्राप्त गरेको मितिले दुई वर्ष भित्र स्वीकृत नक्सा बमोजिमको चलचित्र घर निर्माण गरिसक्नु पर्नेछ।

तर त्यस्तो इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले कुनै मनासिब कारणबाट सो म्याद भित्र चलचित्र घरको निर्माण पूरा गर्न नसकेमा श्री ५ को सरकारले पटक पटक गरी बढीमा दुई वर्ष सम्मको म्याद थप दिन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५४२

(२) उपदफा (१) बमोजिमको म्याद भित्र इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले चलचित्र घरको निर्माण पूरा गर्न नसकेमा निजले पाएको इजाजतपत्र स्वतः खारेज हुनेछ।"

४. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को ठाउँ ठाउँमा प्रयोग भएका "तोकिएको अधिकारी" भन्ने शब्दहरूको सट्टा "प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दहरू राखिएकाछन्।

५. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ को उपदफा (१) मा रहेका "श्री ५ को सरकारको इच्छानुसारको अवधि" भन्ने शब्दहरूको सट्टा "श्री ५ को सरकारले तोकेको अवधि" भन्ने शब्दहरू राखिएकाछन्।

६. मूल ऐनको दफा १२ मा संशोधनः मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः-

"१२. सजाय र पुनरावेदनः (१) यो ऐन वा यस ऐन अन्तर्गतको नियम वा आदेशको उल्लंघन गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले पाँचहजार रूपैयासम्म जरीवाना गरी निजले पाएको इजाजतपत्र समेत खारेज गर्न सक्नेछ।

(२) कसैले यस ऐन बमोजिम इजाजतपत्र नलिई चलचित्र निर्माण, प्रदर्शन वा वितरण गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई उप-दफा (१) मा लेखिए बमोजिम जरीवाना गरी त्यस्तो चलचित्र र सो चलचित्र निर्माण, प्रदर्शन वा वितरण गर्दा प्रयोग गरिएका उपकरणहरू समेत जफत गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप-दफा (१) वा (२) बमोजिम प्रमुख जिल्ला अधिकारीले दिएको आदेश उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ।"

७. <u>मूल ऐनको दफा १४ मा संशोधनः</u> मूल ऐनको दफा १४ मा रहेका "चलचित्र घर निर्माण गरी चलाउने" भन्ने शब्दहरूको सट्टा "चलचित्र घर निर्माण गर्ने" भन्ने शब्दहरू राखिएकाछन्।

लालमोहर सदर मिति :– २०४८।८।४।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।